नेपाल सरकार
रक्षा मन्त्रालय
नेपाली सेना

भैरव गण
देवीडांडा व्यारेक,ललितपुर ।

फोन नं. ०१-६२२७०१७
ईमेल: bn-bhairab@nepalarmy.mil.np

प.सं १४४३०/लेखा/१४/०७५/७६/८ मिति: २०७५/११/०५ गते ।

श्री भैरव कन्स्ट्रक्शन,
प्रो.हरि प्रसाद न्यौपाने,
हेटौडा ५ मकवानपुर ।

<u>भवन निर्माणको बोलपत्र स्वीकृत पत्र</u> ।

१. यस भैरव गणको लागि आ.व.०७५/७६ मा भवन निर्माण तर्फ जवान लाईन र जवान किचेन डाईनिङ निर्माणको लागि बिद्युतिय बोलपत्र **(e-GP)** को माध्यामद्धारा मिति २०७५/०७/२८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकासित ३० (तिस) दिने सुचना प्रकाशित गरि **(e-GP)** को माध्यमद्धारा त्यस फर्मले पेश गरेको बोलपत्र अनुसार मु.अ.कर बाहेकको कबोल अंक रु.१,५६,१३,५१६।८३ (एककरोड छपन्नलाख तेह्रहजार पांचसय सोह्र पैसा त्रियासि) मा १३ प्रतिशत मु.अ.कर थप रु.२०,२९,७५७।१९ (वीसलाख उनानतिसहजार सातसय सन्ताउन्न पैसा उन्नाईस) सहित कुल जम्मा रकम रु.१,७६,४३,२७४।०२ (एककरोड छयहत्तरलाख त्रिचालिसहजार दुईसय चौहत्तर पैसा दुई) कवोल गरेको हुदा सार्वजनिक नियमावली २०६४ (पांचौ संशोधन २०७३ सहित) वोलपत्र आह्वानको सुचना,वोलपत्रमा उल्लेख भएको सबै शर्तहरु,आवश्यक पर्ने आधिकारीक कागजातहरु एव सम्वन्धित कार्यालय र विभागबाट प्राप्त नीति निर्देशनलाई पालना गरी सार्वजनिक खरीद नियमावली २०६४ को नियम १४ को उपनियम (१) को खण्ड (ख) बमोजिम मिति २०७५/११/०५ गते त्यस फर्मको वोलपत्र स्विकृत भएको जानकारी गराउंदछौ ।

२. कबोल गरेको कुल रकम (भ्याट सहित) को ५ प्रतिशतले हुने कार्य सम्पादन जमानत रकम रु.८,८२,०००।०० (आठलाख बयासिहजार) र सार्वजनिक खरीद ऐन २०६३ (पहिलो शंसोधन ऐन २०७३) को दफा २७ को उपदफा (४) बमोजिम स्वीकृत लागत अनुमानको १५ प्रतिशत भन्दा बढी दरले घटेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कबोल गरेको छ सो रकमको ५० प्रतिशतले हुन आउने कार्य सम्पादन जमानत रकम रु.९,५३,०००।०० (नौलाख त्रिपन्नहजार) गरी कुल जम्मा हुन आउने कार्यसम्पादन जमानत रकम रु.१८,३५,०००।०० (अठारलाख पैतिस हजार) नेपाल राष्ट्र बैंकबाट "क" श्रेणीको ईजाजतपत्र प्राप्त बाणिज्य वैंकले जारी गरेको कम्तीमा १३ (तेह्र) महिनासम्म मान्य अवधी भएको कार्य सम्पादन जमानत १५ (पन्ध्र) दिन भित्रमा यस भैरव गण देवीडांडा व्यारेक ललितपुरमा पेश गरि सम्झौता गर्न आउनु हुन अनुरोध गर्दछौ ।

३. उपरोक्त बमोजिम कार्य सम्पादन जमानत पेश गरि सम्झौता (न) नगर्नु भएमा तपाईले बोलपत्रसाथ पेश गरेको बोलपत्र जमानत जफत गरिने छ ।

(रण बहादुर खड्का)
प्रमुख सेनानी
गणपति

<u>बोधार्थ:</u>
श्री प्रधानसेनापतिको कार्यालय,
जंगी अड्डा ।
श्री स्थपति निर्देशनालय,
जंगी अड्डा ।
श्री सैनिक आर्थिक प्रसाशन विभाग,
जंगी अड्डा ।
श्री सुचना तथा प्रविधि महाशाखा,
तोपखाना । (यस पत्रलाई नेपाली सेनाको website राखि दिनु हुन अनुरोध ।)
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय,
सिंहदरबार काठमाण्डौ । (यस पत्रलाई उक्त कार्यालयको website राखि दिनु हुन अनुरोध गरिन्छ ।)